# डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि.
**केन्द्रीय कार्यालय भरतपुर १०, चितवन**
## सुचीदर्ता गर्ने बारेको सूचना
**(प्रकाशित मिति २०७९/०४/०१)**

यस वित्तीय संस्थालाई आर्थिक बर्ष २०७९/०८० मा नियमित रूपमा आवश्यक पर्ने तपशिलमा उल्लेखित वस्तु तथा सेवाहरू उपलब्ध गराउन कम्तिमा ३(तीन) वर्षको कार्यानुभव भएका रजिष्टर्ड फर्म /कम्पनीहरूबाट निम्न कागजातहरू संलग्न गरी सूची दर्ताका लागि आवेदन दिनु हुन अनुरोध छ ।

**आवेदनसँग पेश गर्नु पर्ने कागजातहरू :**

१. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
२. मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
३. आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
४. कार्य अनुभव प्रमाणित हुने प्रमाणपत्र ।

**आपूर्ति गर्नुपर्ने सामानहरू र उपलब्ध गर्नुपर्ने सेवाहरू**

**समुह क : कार्यालय उपकरणहरू**

१. कम्प्यूटर, ल्यापटप, ल्यापटप ब्याट्री, टयाव् , सर्भर तथा अन्य डिभाइसहरू ।
२. फोटोकपी मेसिन, प्रिन्टर, फ्याक्स, स्क्यानर ।
३. भल्ट(सेफ), चेक राइटर, नोट काउन्टिङ्ग मेसिन, जालीनोट छुट्याउने मेशिन ।
४. पावर ब्याकअप सम्बन्धी उपकरणहरू ।
५. इलेक्ट्रिक ,इलेक्ट्रोनिक्स तथा हार्डवयेर सम्बन्धी उपकरणहरू ।
६. व्याट्री इन्भर्टर, सोलार तथा अन्य ।

**समुह खः फर्निचर तथा अन्य सेवाहरू**

१. काठ तथा मेटलका फर्निचर/फर्निसिङ्ग तथा अन्य सामाग्रीहरू ।

**समुह गः छपाई तथा मसलन्द**

१. वित्तीय संस्थाको लागि आवश्यक स्टेशनरी तथा मसलन्द सामानहरू ।
२. सामान्य छपाई एवं आपूर्ति सम्बन्धी कार्यहरू ।
३. प्रि-प्रिन्टेड बैकिङ्ग स्टेशनरी, भिजिटिङ्ग कार्ड, आइडी कार्ड, स्ट्याम्प ।
४. प्रिन्टर रिबन, टोनर, कार्टेज, मसी लगायत रिफिलिङ्ग सम्बन्धी कार्यहरू ।

**समुह घ : मर्मत/सम्भार**

१. कम्प्यूटर, ल्यापटप, प्रिन्टर, सर्भर लगायत अन्य मर्मत ।
२. सवारी साधन मर्मत ।
३. फर्निचर, धारा वाथरूमका सामान लगायत अन्य सम्पत्ति मर्मत ।
४. भल्ट, जेनेरेटर एसी लगायत अन्य इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स सम्बन्धी उपकरणहरू मर्मत ।

**समुह ङ : प्रवर्द्धन**

१.साइनबोर्ड, फ्लेक्स, ग्लोसाइन बोर्ड, होर्डिङ्ग बोर्ड तथा पोल व्यानर सम्बन्धी सेवाहरू ।
२.विज्ञापन तथा प्रबर्द्धनात्मक कार्यक्रम सम्बन्धी सेवाहरू ।

**समुह च : अन्य सेवाहरू**

१. संचार कुरियर सेवा ।
२. ईन्टरनेट सेवा ।
३. मोटरसाईकल आपूर्ति ।
४. बीमा सेवा ।
५. विभिन्न प्रकारका सफ्टवेयरहरू आपूर्ति ।
६. परामर्श सेवा ।
७. तालीम हल, होटल तथा रेस्टुरेण्ट ।
८. श्रव्य दृश्य तयार गर्ने ।
९. कर्मचारी पोशाकको लागि कपडा तथा पोशाक सिलाई कार्य ।
१०. सवारी साधन भाडामा दिने ।
११. टायर-टुयव सप्लाई गर्ने ।

**अन्य थप जानकारीहरू :**

- माथि उल्लेखित वस्तु तथा सेवा आपूर्ति सूचीदर्ताको निवेदन सहित वित्तीय संस्थाको केन्द्रीय कार्यालय भरतपुर १०, चितवन वा कर्पोरेट कार्यालय सितापाइला, काठमाण्डौमा २०७९ श्रावण १५ गते आइतबार कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
- सूचीदर्ताको निवेदन सामान्य सेवा विभागको मेल : gsd@ddbank.org.np मा पठाउन सक्ने छ ।
- सूचीकृत हुन निवेदन दिनेहरू मध्येबाट ग्राह्य ठहरिएका बिक्रेता, फर्म तथा कम्पनीहरूलाई मात्र सूचीकृत गरिनेछ। त्यसरी सूचीकरण गर्दा पेश हुन आएको विवरण, कार्यक्षमता, कार्यानुभव तथा दक्षतालाई आधार मानी गरिनेछ ।
- सूचीकृत भएका बिक्रेता, फर्महरूबाट वित्तीय संस्थाको आवश्यकता अनुसारको सामान खरिद गर्न तथा सेवा प्राप्त गर्न सो काममा कोटेशन घटाघट वा बोलकबोलद्वारा भाग लिन अनुरोध गरिनेछ र सो मध्ये न्यून मूल्यमा तोकिएको मापदण्ड एवं गुणस्तरको बस्तु तथा सेवा उपलव्ध गराउने फर्म / कम्पनीको छनौट गरी खरिद आदेश दिइनेछ ।
- सूचीकृत भएको जानकारी वित्तीय संस्थाको वेभसाइट www.ddbank.org.np मा राखिनेछ साथै फोनबाट सम्बन्धित पक्षलाई जानकारी गराईनेछ ।
- सूचीकृत भएका कम्पनी तथा फर्महरूले उपलव्ध गराएको बस्तु तथा सेवाहरू तोकिएको गुणस्तर एवं मापदण्ड बमोजिमको नभएमा वा कार्यसम्पादन शैली सन्तोषजनक नरहेमा उक्त कम्पनी तथा फर्मलाई बिना पूर्व सूचना बस्तु तथा सेवा उपलव्ध गराउने सूचीबाट हटाउन समेत सकिनेछ । यस उपर कुनै दावी बिरोध गर्न पाईनेछैन।
- यस सम्बन्धी थप जानकारी आवश्यक परेमा विभागको CUG मोवाइल नं. ९८६२५४६०३० र ९८६२५४६०२९ मार्फत जानकारी प्राप्त गर्न सकिनेछ ।
- सूचीकरण गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार वित्तीय संस्थामा नै निहित रहनेछ ।

डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड
सामान्य सेवा विभाग